धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क १३० ◆ २०८३ मंसिर ९ बुधबार ◆ Wednesday, November 25, 2026 ◆ ने सं ११४७ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/-

बाढी प्रभावित रसुवा बेतिनीका विद्यार्थीलाई न्यानो कपडा वितरण

❑ *प्रत्यूष समाचारदाता*

चितवन । भोटेकोशी बाढीबाट प्रभावित रसुवाको कालिका गाउँपालिका-३ बेतिनीस्थित बच्छलादेवी आधारभूत विद्यालयका छात्रछात्रालाई न्यानो कपडा, स्टेसनरी र खेलकुद सामग्री वितरण गरिएको छ ।

चितवन भरतपुरका व्यवसायी एवं समाजसेवी विनोद ढकालको सक्रियतामा बाढीप्रभावित ८५ जना छात्रछात्रालाई कपडा, स्टेसनरी र खेलकुदका सामग्री वितरण गरिएको हो । भोटेकोशी सहित त्रिशूली नदीमा गएको बाढीबाट प्रभावित रसुवा, नुवाकोट र धादिङका जनताको उद्धार तथा राहत वितरणमा समेत खटिएका समाजसेवी ढकालले स्थानीय बाढी प्रभावित जनताको आग्रहमा उक्त विद्यालयका छात्रछात्रालाई सहयोग स्वरुप अत्यवश्यक सामग्री प्रदान गरेको बताउनुभयो । समाजका अति विपन्न, दीनदुःखी, असहाय वर्गलाई सहयोग गर्न पाउँदा खुसी मिल्ने बताउँदै उहाँले भन्नुभयो, "बाढी प्रभावित जनताको राहत उद्धारमा खटिदा दुःख बुझेको छु, स्थानीय जनताबाट अनुरोध भइ आएकाले केही सहयोग गरौं भन्ने भावनासहित रसुवा पुगी अत्यावश्यक सामग्री वितरण गरेर आएँ । उहाँले यही सोमबार रसुवामा सहयोग वितरण गरी आज चितवन मा स्थानीय सञ्चारकर्मीसँग कुराकानी गर्दै यसअघि दसैँमा चितवन-कालिका नगरपालिकाको चेपाङ्वस्ती र भरतपुरका विपन्न बस्तीमा खाद्यान्न वितरण गरेको जानाकारी दिनुभयो । यसैगरी, चितवन माडीका अतिविपन्न पाँच परिवारलाई आयआर्जनका लागि बाख्राका पाठा वितरण गरेको युवा समाजसेवी ढकालले बताउनुभयो ।

बदलिँदो स्वरूपअनुसार नयाँ कानुनः सञ्चारमन्त्री

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । सूचना तथा सञ्चार मन्त्री डा विक्रम तिमिल्सिनाले चलचित्र क्षेत्रको वर्तमान आवश्यकता, बदलिँदो स्वरूप तथा प्रविधि र विस्तारित भूमिकालाई सम्बोधन गर्न समयानुकूल नयाँ कानुन ल्याउन लागिएको बताउनु भएको छ ।

सङ्घीय संसद, प्रतिनिधिसभा अन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको आजको बैठकमा चलचित्र विधेयक, २०८१ माथिको दफावार छलफलमा सहभागी हुनुहुँदै उहाँले चलचित्रलाई मनोरञ्जनको साधनका रूपमा मात्र सीमित नराखी कला, संस्कृति, भाषा प्रवर्द्धन, सूचना प्रवाह, सिर्जनशीलता र आर्थिक विकासमा योगदान पुऱ्याउने उद्योगका रूपमा विकास गर्नेगरी विधेयक तयार पारिएको बताउनुभयो । सञ्चारमन्त्री डा तिमिल्सिनाले प्रस्तावित विधेयकमा चलचित्र क्षेत्रको वर्तमान आवश्यकता र भविष्यको सम्भावना लाई समेटेको उल्लेख गर्नुभयो । "चलचित्र क्षेत्रको स्वरूप, प्रविधि र योगदानको दायरा परिवर्तन भइसकेको छ। यस क्षेत्रका समस्या पहिचान गरी तिनको समाधान गर्ने र उद्योगको रुपमा विकास गर्न सहयोग पुऱ्याउने गरी नयाँ कानुन बन्छ।", उहाँले भन्नुभयो। प्रस्तुत विधेयकमाथि दफावार छलफलका क्रममा प्राप्त रचनात्मक सुझावलाई समेत समेटेर आवश्यक परिमार्जन सहित समयसापेक्ष एवं चलचित्र उद्योगमैत्री कानुन निर्माण गर्न लागेकाले सहयोगका लाग सम्बद्ध सबैसँग उहाँले अनुरोध गर्नुभयो । सञ्चारमन्त्री डा तिमिल्सिनाले चलचित्रको 'सेन्सर' र वर्गीकरण बीचको भिन्नता स्पष्ट पार्दै यससम्बन्धी कानुनी व्यवस्था अन्तरराष्ट्रिय अभ्यासअनुसार परिमार्जन गर्नुपर्ने बताउनुभयो । चलचित्र 'सेन्सर' र वर्गीकरणलाई स्पष्ट पारिनुपर्ने गरी विधेयकमाथि आएका संशोधन प्रस्तावमाथि पनि समितिले आवश्यक छलफलमार्फत् टुङ्गोमा पुर्याउने विश्वास पनि सञ्चारमन्त्री डा तिमिल्सिनाले व्यक्त गर्नुभयो । कुन विषयमा 'सेन्सर' आवश्यक हुन्छ र कुन विषयलाई वर्गीकरणमार्फत व्यवस्थापन गर्न सकिन्छ भन्ने स्पष्ट हुनुपर्ने उहाँको भनाइ थियो । "हामीले चाहेको 'सेन्सर' हो कि वर्गीकरण हो भन्ने विषय कानुनमै स्पष्ट हुनुपर्छ । अन्तरराष्ट्रिय अभ्यासको अध्ययन गरेर कुन विषयमा 'सेन्सर' गर्नुपर्छ र कुन विषयलाई वर्गीकरण गरे पुग्छ भन्ने छुट्याउन सक्नुपर्छ ।", उहाँले भन्नुभयो । सञ्चारमन्त्री डा तिमिल्सिनाले चलचित्र क्षेत्रको विकासका लागि चलचित्र विकास बोर्डको उद्देश्य, भूमिका, अधिकार र नेतृत्वसम्बन्धी व्यवस्था पनि कानुनबाटै स्पष्ट हुनुपर्ने बताउनुभयो । बोर्डलाई प्रभावकारी रूपमा काम गर्न सक्ने गरी संस्थागत क्षमता अभिवृद्धि गर्नुका साथै आवश्यक स्वायत्तता र अधिकार प्रदान गर्ने व्यवस्था कानुनमा समेटिनुपर्ने उहाँको धारणा थियो । त्यसैगरी, चलचित्र क्षेत्रसँग सम्बन्धित सङ्घ, प्रदेश र स्थानीय तहका अधिकार तथा जिम्मेवारी स्पष्ट रूपमा निर्धारण गर्नुपर्ने उहाँले बताउनुभयो । सञ्चारमन्त्री डा तिमिल्सिनाले राष्ट्रिय अर्थतन्त्रमा चलचित्र क्षेत्रको योगदान बढाउने, विदेशी लगानी आकर्षित गर्ने र चलचित्र उद्योगका वर्तमान आवश्यकता तथा माग सम्बोधन गर्ने गरी कानुन निर्माण गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । समितिमा हुने छलफल र संशोधनबाट चलचित्र क्षेत्रले अपेक्षा गरेका कानुनी व्यवस्था समेटिने विश्वास व्यक्त गर्दै उहाँले विद्यमान समस्या समाधान गर्ने र चलचित्र क्षेत्रको व्यावसायिक विकासमा सहयोग पुऱ्याउने गरी विधेयकलाई उत्कृष्ट बनाउन सरकार प्रतिबद्ध रहेको स्पष्ट गर्नुभयो ।

अर्थ समिति बैठक :अर्थसम्बन्धी केही नेपाल ऐन संशोधन तथा खारेज गर्न बनेको विधेयकमाथिको दफावार छलफल सर्वसम्मतिले पारित

काठमाडौं। अर्थसम्बन्धी केही नेपाल ऐन संशोधन तथा खारेज गर्न बनेको विधेयकमाथिको दफावार छलफल सर्वसम्मतिले सम्पन्न भएको छ ।

प्रतिनिधिसभा अर्न्तगतको अर्थ समितिमा मंगलबार भएको 'अर्थसम्बन्धी केही नेपाल ऐनलाई संशोधन तथा खारेज गर्न बनेको विधेयक, २०८३ माथिको दफावार छलफल सकिएको हो ।

अर्थसमितिका सभापति डा कृष्णहरि बुढाथोकीले आजको समितिको बैठकले विधेयकका विभिन्न दफामाथि विस्तृत छलफल गरी आवश्यक संशोधनसहित सर्वसम्मत रूपमा पारित गरेको जानकारी दिनुभयो ।

उहाँले विधेयकका मुख्य प्रावधानमा राजस्व प्रशासनको आधुनिकीकरण, कर तथा भन्सार प्रणालीमा सुधार, राजस्व चुहावट नियन्त्रण, गैरकर राजस्व व्यवस्थापन, आर्थिक गतिविधिमा सहजीकरण तथा समयसापेक्ष नरहेका कानुनी व्यवस्थाको खारेजी गर्ने प्रावधान समेटिएको बताउनु भयो। समितिको बैठकले राजस्व प्रशासनलाई थप पारदर्शी, प्रविधि मैत्री, व्यवस्थित र प्रभावकारी बनाउने विषयलाई विधेयकले प्राथमिकता दिएको उल्लेख गरिएको छ। समितिले विधेयकमाथि दफावार छलफल सम्पन्न गरी संशोधनसहित सर्वसम्मत रूपमा पारित गरेको हो। बैठकले विधेयकसम्बन्धी प्रतिवेदन तयार गरी आगामी बैठकमा पेस गर्न समिति सचिवालयलाई निर्देशनसमेत दिएको छ। बैठकमा अर्थमन्त्री डा स्वर्णिम वाग्ले लगायतका सहभागि हुनुहुन्थ्यो ।

सशक्त प्रतिपक्षको भूमिका निर्वाह गर्न कांग्रेस तयार छ : थापा

❑ *प्रत्यूष समाचारदाता*

ललितपुर । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टीलाई राष्ट्रिय शक्तिका रूपमा स्थापित गर्दै सशक्त प्रतिपक्षको भूमिका निर्वाह गर्ने बताउनुभएको छ ।

पार्टी कार्यालय सानेपामा मंगलबारदेखि सुरु भएको केन्द्रीय कार्यसमितिको बैठकलाई सम्बोधन गर्दै सभापति थापाले पार्टीको १५औं महाधिवेशनले आगामी चार वर्षका लागि राष्ट्रिय पुनर्जागरण र समुन्नतिको मार्ग तय गरेकाले सोहीअनुसार पार्टीको नीति, विचार र आगामी कार्यदिशा निर्धारण गरिने बताउनुभयो । "विगतको गौरवशाली इतिहासको स्मरण गर्दै नयाँ इतिहास निर्माण गर्ने सङ्कल्प गरेका छौं, राष्ट्रिय पुनर्जागरणलाई विगतको निरन्तरता, वर्तमानको सुधार र भविष्यको आकाङ्क्षासँग जोडेर अघि बढ्ने छौं । आगामी दिनमा राज्य र नागरिकबीच कमजोर हुँदै गएको विश्वास पुनःस्थापित गर्न कांग्रेसले नेतृत्वदायी भूमिका खेल्नुपर्ने छ", उहाँले भन्नुभयो ।

सभापति थापाले गत फागुन २१ गतेको निर्वाचनमा कांग्रेसले अपेक्षित परिणाम प्राप्त गर्न नसकेको स्वीकार गर्दै त्यसको समीक्षा गरी स्पष्ट नीति तथा कार्यक्रमका साथ जनताको विश्वास जिती लोकप्रिय पार्टीका रुपमा स्थापित हुनसक्नुपर्नेमा जोड दिनुभयो । उहाँले २०६२/६३ को जनआन्दोलनपछिका २० वर्षको राजनीतिक अवस्थाको समीक्षा आवश्यक रहेको उल्लेख गर्दै संविधान निर्माणपछि जनताका आकाङ्क्षा पूरा गर्ने सवालमा राजनीतिक दलहरू चुकेको बताउनुभयो । सभापति थापाले राष्ट्रिय स्वतन्त्र पार्टीले गत संसदीय निर्वाचनमा प्राप्त गरेको जनादेशलाई कांग्रेसले सम्मान गर्ने बताउँदै रास्वपालाई पाँच वर्ष निर्बाध रूपमा सरकार सञ्चालन गर्न दिनुपर्ने धारणा व्यक्त गर्नुभयो। कांग्रेसले प्रमुख प्रतिपक्षको जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गर्ने उल्लेख गर्दै उहाँले सरकारका राम्रा काममा सहयोग गर्ने, कमजोरीमा प्रश्न उठाउने, आवश्यकताअनुसार खबरदारी र प्रतिरोध गर्ने धारणा राख्नुभयो ।

उहाँले पार्टीको विधान कार्यान्वयनमा भने कुनै सम्झौता नहुने भन्दै कांग्रेसको चुनाव चिह्नबाट निर्वाचित भएर अर्को राजनीतिक दलको सदस्यता लिने व्यक्तिले सम्बन्धित पदबाट राजीनामा दिनुपर्ने बताउनुभयो । सभापति थापाले राष्ट्रियसभा, प्रतिनिधिसभा, प्रदेशसभा वा स्थानीय तहमा कांग्रेसको चुनाव चिह्नबाट निर्वाचित भएका जनप्रतिनिधिले अर्को दलको सदस्यता लिएमा विधानअनुसार कारबाही हुने स्पष्ट गर्नुभयो ।

सभापति थापाले आगामी पुस १५ गतेभित्र जिल्ला र प्रदेश अधिवेशन सम्पन्न गर्ने गरी निर्वाचन समितिलाई अनुरोध गरिएको जानकारी दिनुभयो । बैठकमा स्थानीय निर्वाचनको प्रारम्भिक तयारी र आगामी राजनीतिक कार्यदिशाका विषयमा समेत छलफल हुने उहाँले बताउनुभयो ।

कर्मचारीविरुद्ध आरोपपत्र दायर

काठमाडौं । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नक्कली शैक्षिक प्रमाणपत्र पेस गरेर करार सेवामा कार्यरत एक कर्मचारीविरुद्ध आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरेको छ ।

प्यूठानको सरूमारानी गाउँपालिका-४ का भोजबाबु सोमै मगरले नक्कली शैक्षिक प्रमाणपत्र पेस गरी रूम्जाटार माध्यमिक विद्यालय र त्यसपछि खानेपानी मन्त्रालय सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना बुटवलमा सब-इन्जिनियर पद (करार) मा जागिर खाएको भन्दै आयोगले उनीविरुद्ध आरोपपत्र दायर गरेको हो । मगरले डिप्लोमा इन सिभिल इन्जिनियरिङ तहको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् सानोठिमी, भक्तपुरबाट जारी भएको देखिने झुट्टा तथा नक्कली प्रमाणपत्र पेस गरी सार्वजनिक पद, ओहदा, लाभ र सुविधा लिएको देखिएकाले आरोपपत्र दायर गरिएको हो ।

हावाहुरीले त्रिपाल उडाउँदा बाढीपीडित समस्यामा

गोरखा । हावाहुरीले त्रिपाल उठाएपछि चुमनुब्री गाउँपालिका-३ जगतका बूढीगण्डकीका बाढीपीडित थप समस्यामा परेका छन् । बूढीगण्डकीको बाढीले घर बगाएपछि डेढ महिनादेखि त्रिपालमुनि बस्दै आएका चुमनुब्री-३ का पाँच परिवारको त्रिपाल पनि उडाएपछि खुला आकाशमुनि बास बस्नुपरेको पीडित लालमाया गुरुङले दुखेसो गर्नुभयो ।

उहाँ गत असोज २५ गतेको बूढीगण्डकीको बाढीबाट विस्थापित भई जगत गाउँको कुनामा पहराको फेदमा त्रिपाल टाँगेर बसोबास गर्न थाल्नुभएको थियो । आफू जस्तै विस्थापित भएका अरु पाँच परिवार पनि त्रिपाल उडाएपछि विचल्लीमा परेको उहाँ बताउनुहुन्छ ।

बेमौसमी हावाहुरीले त्यही त्रिपाल पनि उडाएपछि उहाँको फेरि घरवास उठेको छ । "बिहान ३ बजे तिरबाट हाहाहुहुको ठूलो आवाज आएको थियो। फेरि बाढी आएछ कि भनेर उठेर बाहिर हेर्न गएँ । होइन रहेछ", लालमाया भन्नुहुन्छ, "हावाहुरी चलेको रहेछ भनेर फेरि पालभित्र आएर सुतें । तर एकछिनपछि त्यही पाल पनि उडाएर लग्यो। हामीलाई फेरि खुला आकाशमुनि बनायो ।"

राहतमा पाएको ओढ्ने, ओछ्याउने र लगाउने लुगाहरु पनि हावाहुरीले उडाएर विचल्ली बनाएको उहाँको दुखेसो छ। "हाम्रो चिल्लीबिल्ली भयो । " भाँडाकुँडा र खाद्यान्न भने बाढीले क्षति नपुऱ्याएको कुनै घरमा राखेकाले सुरक्षित रहेको उहाँको भनाइ छ ।

एक्कासी आएको हावाहुरीले जगतका तीन परिवार र पैँयु सल्लेरीका दुई परिवार बस्दै आएको त्रिपाल उडाएको स्थानीय विशाल घलेले जानकारी दिनुभयो । उहाँहरुलाई फेरि पुनःस्थापित गर्नुपर्ने अवस्थामा पुऱ्याएको उहाँको भनाइ छ । हावाहुरीले धार्चे-५ सिङ्लाको सिंहदेवी आधारभूत विद्यालयको भवनको छाना पनि उडाएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । धार्चे-५ का दुई गाउँबस्तीमा, धार्चे ३ को उहियामा र चुमनुब्री ३ को जगत र सल्लेरीमा निजी आवास तथा विद्यालय भवनको छाना उडाएर बिचल्ली बनाएको प्रहरी निरीक्षक आकाश कँडेलले जानकारी दिनुभयो । जिल्लाभरि भएको हावाहुरीको प्रभावको तथ्याङ्क सङ्कलन गरिरहेको उहाँको भनाइ छ ।

सम्पादकीय ....

राष्ट्रवाद कि लम्पसारवाद ?

राष्ट्रवाद कुनै राजनीतिक दलको नारा, भाषण वा सामाजिक सञ्जालमा देखाइने तस्विर मात्र होइन । राष्ट्रवाद देशको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाभिमान र नागरिकको हितको संरक्षण गर्ने व्यवहार हो ।

पछिल्लो समय नेपालमा राष्ट्रवादको नाममा गरिने प्रचार र राष्ट्रिय स्वार्थका वास्तविक सवालमा देखिने राजनीतिक व्यवहारबीच मेल नखाएको भन्दै विभिन्न प्रश्न उठ्न थालेका छन् ।

हिजो ग्रेटर नेपालको नक्सा टाँगेर राष्ट्रवादको चर्को आवाज उठाउनेहरू आज राष्ट्रियताको संवेदनशील विषयमा किन मौन छन् भन्ने प्रश्न उठ्नु स्वाभाविक हो । भारतसँग जोडिएका सीमा विवाद, अतिक्रमणका आरोप र नेपालको सार्वभौमिकतासँग सम्बन्धित विषयमा राजनीतिक नेतृत्वले स्पष्ट धारणा राख्नुपर्छ । राष्ट्रियताको सवालमा सबै राजनीतिक दल र नेतृत्वको एउटै अडान हुनुपर्छ । छिमेकी मुलुकसँगको सम्बन्ध बिगार्नु राष्ट्रवाद होइन, तर राष्ट्रिय स्वार्थको प्रश्नमा मौन बस्नु पनि जिम्मेवार कूटनीति हुन सक्दैन ।

नेपालले भारतलगायत छिमेकी मुलुकसँग मैत्रीपूर्ण सम्बन्ध राख्नुपर्छ । व्यापार, पारवहन, पर्यटन, ऊर्जा र पूर्वाधार विकासका क्षेत्रमा सहकार्य आवश्यक छ । तर मित्रता र सहकार्यको अर्थ राष्ट्रिय स्वाभिमानलाई कमजोर बनाउनु होइन । कूटनीतिक सम्बन्धमा पारस्परिक सम्मान, समानता र राष्ट्रिय हितलाई प्राथमिकता दिनुपर्छ ।

अर्कोतर्फ, रेल सेवा सञ्चालन र उद्घाटनलाई लिएर पनि इतिहास बिर्सेर प्रचार गर्ने प्रवृत्ति देखिन्छ । नेपालमा रेल सेवा र रेल उद्घाटनको इतिहास आजबाट सुरु भएको होइन । जनकपुर-जयनगर रेल सेवाको ऐतिहासिक पृष्ठभूमि छ र पछिल्लो समय यसको पुनः सञ्चालन तथा विस्तार पनि भएको छ । अयोध्या र जनकपुरधामबीच प्रत्यक्ष रेल सम्पर्क स्थापित हुनु धार्मिक पर्यटन र दुई देशबीचको सम्बन्धका दृष्टिले महत्वपूर्ण उपलब्धि हुन सक्छ । यसको स्वागत गर्नुपर्छ । तर यसलाई नेपालमा पहिलोपटक रेल आएको जस्तो प्रचार गर्नु तथ्यसंगत हुँदैन ।

विकासका कामको प्रशंसा गर्नु र राष्ट्रिय स्वार्थका विषयमा प्रश्न उठाउनु एकअर्काका विरोधी कुरा होइनन् । सरकारले गरेका राम्रा कामको स्वागत गर्नुपर्छ भने कमजोरी र राष्ट्रिय हितसँग जोडिएका विषयमा प्रश्न पनि गर्नुपर्छ । आलोचनालाई विरोध र प्रशंसालाई अन्धसमर्थन ठान्ने राजनीतिक संस्कारले लोकतन्त्रलाई कमजोर बनाउँछ ।

आज आवश्यक छ, नारामा होइन व्यवहारमा राष्ट्रवाद देखाउने नेतृत्व । राष्ट्रियताको नाममा जनतालाई भावनात्मक रूपमा उत्तेजित पार्ने तर वास्तविक मुद्दामा स्पष्ट जवाफ नदिने प्रवृत्तिको अन्त्य हुनुपर्छ । सीमा, सार्वभौमिकता र राष्ट्रिय स्वार्थका विषयमा सरकार तथा राजनीतिक दलहरू जिम्मेवार बन्नुपर्छ ।

राष्ट्रवादको मापन कसले कति ठूलो स्वरमा नारा लगायो भन्ने आधारमा होइन, देशको हितका लागि कसले कति इमानदारीपूर्वक काम गऱ्यो भन्ने आधारमा हुनुपर्छ । त्यसैले आजको महत्वपूर्ण प्रश्न हो ।

हामीलाई नक्सामा मात्र राष्ट्रवाद देखाउने नेतृत्व चाहिएको हो कि राष्ट्रिय स्वार्थको संरक्षण गर्ने नेतृत्व ? राष्ट्रवाद कि लम्पसारवाद ?

पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ -३, धादिङबेसी,
फोन ०१०-५२१४३०,९८५११२०८५०
Email : pratyushdainik@gmail.com

विपद्बाट म्याग्दीका जलविद्युत् क्षेत्रमा धक्का, उत्पादन र निर्माण प्रभावित

सन्तोष गौतम

यस वर्षको मनसुनजन्य विपद्ले म्याग्दीका जलविद्युत् आयोजनाको उत्पादन, प्रसारण र निर्माण प्रक्रियामा गम्भीर असर पारेको छ । कालीगण्डकी र म्याग्दी नदीका साथै तिनका सहायक खोलामा आएको बाढी र पहिरोले निर्माण सम्पन्न तथा निर्माणाधीन आयोजनाका बाँध, विद्युत्गृह, सुरुङ, प्रसारण लाइन र पहुँचमार्गमा क्षति पुऱ्याएको हो ।

बाढीपहिरोका कारण केही आयोजना पूर्णरूपमा बन्द भएका छन् भने केहीको विद्युत् उत्पादन र परीक्षण प्रभावित भएको छ । निर्माणाधीन आयोजनामा निर्माण सामग्री ढुवानी र उपकरण परिचालन अवरुद्ध हुँदा कामको गति सुस्त भएको छ । यसले आयोजना सम्पन्न हुने अवधि लम्बिने र निर्माण लागत बढ्ने जोखिमसमेत सिर्जना गरेको छ । कालीगण्डकी र म्याग्दीखोला बेसिनमा दर्जनौं आयोजना निर्माण तथा सञ्चालनमा छन् तर प्राकृतिक विपद्का कारण जलविद्युत् क्षेत्रको उत्पादन संरचना र निर्माण प्रक्रियामाथि परेको पछिल्लो असरले ऊर्जा विकासका लागि भौतिक पूर्वाधारको सुरक्षा र विपद् व्यवस्थापन कति महत्वपूर्ण छ भन्ने प्रश्न उठाएको छ ।

टावरबाट विद्युत् आपूर्ति

कालीगण्डकी नदीको कटानले २२० केभी क्षमताको काली गण्डकी करिडोरअन्तर्गत दाना-खुर्कोट प्रसारण लाइनमा क्षति पुऱ्याएको थियो । अन्नपूर्ण गाउँपालिका-१ दोबाको औलमा दुईवटा र रातोपानीमा एउटा टावर बगाएको बाढीले धिरच्याङस्थित टावरमा आंशिक क्षति पुऱ्याएको छ । तिप्ल्याङ क्षेत्रको अर्को टावरसमेत नदी कटानको जोखिममा परेको छ । प्रसारण लाइन अवरुद्ध हुँदा म्याग्दीको उत्तरी क्षेत्रका जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रणालीमा जोड्न समस्या भएको थियो । नेपाल विद्युत् प्राधिकरणको पोखरास्थित ग्रिड कार्यालयका प्रमुख रोशन खड्काका अनुसार भिरकाटे क्षेत्रमा अस्थायी टावर निर्माण गरी करिब दुई किलोमिटर तार तानेर असोज ३१ गतेदेखि विद्युत् आपूर्ति पुनः सञ्चालन गरिएको हो । बाढीबाट क्षतिग्रस्त प्रसारण लाइन र टावरको पुनर्निर्माण प्रक्रिया पनि अघि बढाइएको प्राधिकरणले जनाएको छ । यस प्रसारण लाइनबाट अन्नपूर्ण गाउँपालिका-४ नारच्याङका घलेम्दीखोला (पाँच मेगावाट), म्रिस्त्रीखोला (४२ मेगावाट), निलगिरी-१ (३८ मेगावाट), निलगिरी-२ (७१ मेगावाट), रेलेखोला (छ मेगावाट) र मुस्ताङको थापाखोला (१४ मेगावाट) आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रणालीमा जोडिँदै आएको छ ।

दुई आयोजना बन्द, अर्बौंको क्षति

बाढीपहिरोका कारण अन्नपूर्ण गाउँपालिकामा सञ्चालित दुईवटा जलविद्युत् आयोजना प्रभावित भएका छन् । नारच्याङको रेलेखर्क क्षेत्रबाट आएको बाढीले बाँधमा गेग्रान थुपारेपछि छ मेगावाट क्षमताको रेलेखोला जलविद्युत् आयोजना बन्द भएको आयोजनाका प्रतिनिधि होमनाथ पाण्डेले बताउनुभयो ।

त्यस्तै, साउन २६ गतेको सुक्खा पहिरोले विद्युत्गृह पुरिएपछि प्रभावित बनेको १४ मेगावाट क्षमताको घारखोला जलविद्युत् आयोजनाको बाँधमा असोज दोस्रो साताको बाढीपहिरोले थप क्षति पुऱ्याएको छ । विद्युत्गृह पहिरोमा पुरिँदा एकको मृत्यु र एक घाइते भएका थिए । विद्युत्गृहका सबै उपकरण पहिरोमा पुरिएका छन् । आयोजनाको पुनर्निर्माणको तयारी भइरहेको प्रर्वद्धक म्याग्दी हाइड्रो पावरका कर्मचारी अनिल तिवारीले बताउनुभयो । उहाँका अनुसार विपद्का कारण आयोजनामा एक अर्ब रुपैयाँभन्दा बढीको क्षति भएको प्रारम्भिक अनुमान छ ।

कालीगण्डकी बेसीनका आयोजना निर्माण प्रभावित

कालीगण्डकी बेसीनमा निर्माणाधीन १८० मेगावाट क्षमताको कालीगण्डकी गर्ज र ६६ दशमलव तीन मेगावाट क्षमताको मध्यकालीगण्डकी जलविद्युत् आयोजनाको काम पनि एक महिनादेखि प्रभावित भएको छ । कालीगण्डकी गर्ज जलविद्युत् आयोजनाका वरिष्ठ प्रबन्धक कृष्णदास श्रेष्ठका अनुसार मुस्ताङको घाँसास्थित थाप्लामा रहेको बाँध निर्माणस्थलमा बाढी र पहिरोले गेग्रान थुपारेपछि निर्माण कार्य प्रभावित भएको हो । आयोजनाले हालै दुईवटा अडिट सुरुङ खन्ने काम सुरु गरेको थियो । मध्यकालीगण्डकी जलविद्युत् आयोजनाका प्रवर्द्धक हाइड्रो सपोर्ट प्रालिको लगानीकर्ता आइएमई समूहका अध्यक्ष चन्द्र प्रसाद ढकालका अनुसार कालीगण्डकी नदीको बाढीले बाँध, सुरुङ, आवास, मेसिनरी तथा उपकरण, निर्माण सामग्री, डिजेल ट्याङ्क र कार्यशालामा ठूलो क्षति पुऱ्याएको छ । अन्नपूर्ण गाउँपालिका-३ र ४ को सिमानामा पर्ने सुकेबगरस्थित बाँध निर्माणस्थलमा डाइभर्सन भत्काएर पसेको बाढीले गेग्रान थुपारेको छ । सुरुङको अडिटभित्रसमेत बाढी पसेको छ । अन्नपूर्ण गाउँपालिका-२ नागढुङ्गा र रातोपानीस्थित आवास भवन भत्किनुका साथै त्यहाँ रहेका सामग्री बगाएको छ । नौलीबगरस्थित निर्माणाधीन भूमिगत विद्युत गृहअगाडि रहेको बेनी-जोमसोम-कोरला सडकको मोटरेबल पुलको पोखरेबगरतर्फको पहुँचमार्गसमेत नदीले बगाएको छ । बाढीपहिरोबाट क्षति पुगेपछि निर्माण कार्य रोकिएको सिभिल ठेकेदार रसुवा-मल्टी जेभीका कर्मचारी दिपेन्द्र शर्माले बताउनु भयो । उहाँका अनुसार विपद्का कारण आयोजनाको निर्माण अवधि लम्बिने देखिएको छ ।

राहुघाटको परीक्षण अवधि लम्बियो

रघुगङ्गा गाउँपालिका-३ तिल्केनीचौरस्थित विद्युत्गृह क्षेत्रमा कालीगण्डकी नदीको कटानले क्षति पुऱ्याएपछि ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजनाको परीक्षण अवधि लम्बिएको छ । नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगङ्गा हाइड्रोपावर प्रवर्द्धक रहेको आयोजनाको टेलरेस गेटमा बाढीले क्षति पुऱ्याएको थियो । विद्युत्गृहबाट उत्पादनपछि पानी नदीमा पठाउने संरचनामा क्षति पुग्नुका साथै नदीले धार परिवर्तन गरेर स्विचयार्ड नजिकैसम्म कटान गरेको थियो । टेलरेसबाट विद्युत्गृहभित्र पानी पसेर डुबान समेत भएको थियो ।

असोज पहिलो सातादेखि परीक्षण उत्पादन सुरु गरेको आयोजना बाढीका कारण पूर्ण रूपमा बन्द भएको थियो । क्षतिग्रस्त संरचना र उपकरण मर्मत गरी पुनःपरीक्षण भइरहेको रघुगङ्गा हाइड्रोपावरका प्रबन्ध सञ्चालक गणेश केसीले बताउनुभयो । उहाँका अनुसार हाल २०/२० मेगावाट क्षमताका दुईवटा युनिट आलोपालो सञ्चालन गरेर परीक्षण उत्पादन भइरहेको छ । बाँध जोड्ने पहुँचमार्ग मर्मत गर्नुका साथै भिर्‍ँ र दग्नामको सिमानामा रहेको बाँध क्षेत्रमा थुप्रिएको गेग्रान हटाइएको छ । बाढीले राहुघाट आयोजनाको विद्युत्गृह क्षेत्रसँगै बेनी-जोमसोम-कोरला सडकको करिब १५० मिटर भागसमेत कटान गरेको छ । स्विचयार्ड उच्च जोखिममा परेको छ भने आयोजनाको सिभिल ठेकेदार जयप्रकाश एसोसिएट्सका सवारी साधन र उपकरणसमेत बगाएको छ ।

ढुवानीको समस्या

म्याग्दीखोला बेसीनमा निर्माणाधीन जलविद्युत् आयोजनाहरू पनि बाढीपहिरोका कारण प्रभावित भएका छन् । घुमाउने (फापरखेत), बालौटे, बाङ्गेपहिरो र इल्पुमा पहिरो तथा शिवरात्रि खोलामा आएको बाढीका कारण निर्माण सामग्री र उपकरण ढुवानीमा समस्या भएको अपर म्याग्दीखोला-१ का आयोजना प्रमुख ज्योतिकुमार केसीले बताउनुभयो । उहाँका अनुसार असारयता सिमेन्ट, रडलगायत निर्माण सामग्री तथा उपकरण बोकेका सवारी साधन आयोजना स्थलसम्म पुग्न सकेका छैनन् । मौजुदा सामग्री र उपकरण परिचालन गरेर कामलाई निरन्तरता दिइए पनि अपेक्षित गतिमा निर्माण अघि बढ्न सकेको छैन । शिवरात्रि खोलामा पूर्वाधार विकास कार्यालय मार्फत निर्माण भइरहेको मोटरेबल पुल समयमा सम्पन्न नहुँदा वर्षायाममा सवारी साधन वारपार गर्न समस्या हुने गरेको छ । म्याग्दीखोला जलविद्युत् आयोजनाका जनसम्पर्क अधिकृत बुद्धिराज अधिकारीका अनुसार खोलामा पानीको सतह बढ्ने र पहुँचमार्गमा पहिरो खस्ने समस्याले निर्माण कार्य प्रभावित भएको छ । सामान बोकेका गाडी डोजरको सहायतामा तार्ने र पहिरो पन्छाउँदै सवारीसाधन पार गराउनुपर्ने बाध्यता रहेको उहाँले बताउनुभयो ।

माथिल्लो म्याग्दी जलविद्युत् आयोजनाको निर्माणमा पनि असर परेको छ । ३७ मेगावाट क्षमताबाट वृद्धि गरी ४६ दशमलव २५ मेगावाट बनाउने प्रक्रियामा रहेको आयोजना का प्रमुख रमेश सुवेदीले ठाउँठाउँमा सवारीसाधन परिवर्तन गरेर निर्माण सामग्री ढुवानी गर्नुपर्ने अवस्था रहेको बताउनुभयो । बेनी-दरवाङ र दरवाङ-धारापानी-ताकम-मुना सडकअन्तर्गत थापाचौर, गौथली र दाचौर भिरमा खसेको पहिरोका कारण निर्माण सामग्री ढुवानी गर्न नसकिएको दरखोला हाइड्रोपावरका अध्यक्ष रेशम भण्डारीले बताउनुभयो ।

बाढीपहिरोले म्याग्दीका सबै जलविद्युत् आयोजनामा भने क्षति पुऱ्याएको छैन । राहुघाट करिडोरमा राहुघाटबाहेक अन्य आयोजनाको उत्पादन नियमित छ । तुँदी पावर कम्पनीका ८४ मेगावाट क्षमताका अपर राहुघाट र मङ्गले-चिमखोला-राहुघाट आयोजना तथा २२ दशमलव पाँच मेगावाट क्षमताको अपर ठूलोखोला र २३ मेगावाट क्षमताको ठूलोखोला जलविद्युत् आयोजनाको उत्पादन नियमित रहेको छ । विद्युतगृह र सुरुङजस्ता मुख्य संरचना मात्र नभई पहुँचमार्ग, प्रसारण लाइन, निर्माण सामग्री भण्डारणस्थल र आवास संरचना समेत जोखिममा रहेको देखाएको बताइएको छ ।

लैङ्गिक हिंम्सा दण्डनीय अपराध हो

- समाजमा हुने सबै प्रकारका हिंसा विरुद्ध एक जुट बनौं,
- लैङ्गिक हिंसा विरुद्ध सम्वेदनशिल र जिम्मेवार बनौं,
- प्रविधिको सही प्रयोग गरौं, लैङ्गिक हिंसामुक्त समाज निर्माण गरौं,
- लैङ्गिक हिंसा पीडितलाई न्याय र सेवामा सहज पहुँच सुनिश्चित गरौं।

'लैङ्गिक हिंसा अन्त्यका लागि ऐक्यबद्धता:
पीडितको संरक्षण, दण्डहीनताको अन्त्य र न्यायको सुनिश्चितता'

नेपाल सरकार,
विज्ञापन बोर्ड

नेप्से परिसूचक दोहोरो अंकले बढ्यो

काठमाडौं। धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार दोहोरो अङ्कले बढेको छ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १५ दशमलव ३९ अङ्कले बढेर दुई हजार ६३८ दशमलव ९५ मा पुगेको छ। ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव ८६ अङ्कले बढेर ४८२ दशमलव ३९ मा पुगेको छ। त्यस्तै फ्लोट सूचक एक दशमलव २५ अङ्कले बढेर १८३ दशमलव ८९ मा पुगेको छ। त्यस्तै सेन्सेटिभ फ्लोट सूचक एक दशमलव ५३ अङ्कले बढेर १६३ दशमलव ९५ मा पुगेको छ। मंगलबार विभिन्न कम्पनीका एक करोड ४६ लाख ७० हजार १७७ कित्ता सेयर रु पाँच अर्ब ५५ करोड ३० लाख १९ हजार २४९ मूल्यमा खरिद बिक्री भएको छ। तेह्र उपसमूहमध्ये ११ उपसमूह बढ्यो भने दुई उपसमूह घट्यो। १६५ कम्पनीको सेयर बढ्यो भने १११ कम्पनीको सेयर घट्यो। त्यसैगरी तीन कम्पनीको सेयर स्थिर रह्यो। नेप्सेका अनुसार एभरेष्ट कलर, माउन्टेन हाइड्रोपावर र सिटि होटललगायतका कम्पनीका लगानी कर्ताले कमाएका छन्।

राष्ट्रिय ह्याकाथनको उपाधि बुटवल बहुमुखी क्याम्पसलाई

कञ्चनपुर। राष्ट्रिय ह्याकाथन प्रतियोगिताको उपाधी बुटवल बहुमुखी क्याम्पसको सीएसआईटी एबीएमसी टिमले हात पारेको छ। सुदूरपश्चिम विश्वविद्यालय मा आयोजित प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्दै उक्त टिमले नगद रु ५० हजार पुरस्कार प्राप्त गरेको हो। प्रतियोगितामा काठमाडौं विश्वविद्यालय, स्कुल अफ साइन्स को द मर्ज कन्फ्लिक्ट टिम दोस्रो भएको छ। उक्त टिमले नगद रु २५ हजार पुरस्कार प्राप्त गरेको छ।

त्यस्तै लुम्बिनी प्राविधिक विश्वविद्यालयको पिक्सेल स्क्वाड टिम तेस्रोहुँदै रु १५ हजार पुरस्कार प्राप्त गर्न सफल भयो। प्रतियोगिता मा उत्कृष्ट महिला नेतृत्व टिमको पुरस्कार सुदूरपश्चिम विश्व विद्यालय, स्कुल अफ इन्जिनियरिङ को टिमले प्राप्त गरेको छ। उक्त टिमलाई नगद १० हजार प्रदान गरिएको आयोजक स्कुल अफ इन्जिनियरिङ अन्तर्गत इन्नोभेटिभ कम्प्युटर इन्जिनियरिङ क्लबका सल्लाहकार दिलिप पन्तले जानकारी दिनुभयो।

उहाँका अनुसार उत्कृष्ट प्रस्तुति विधामा लुम्बिनी इन्जिनियरिङ कलेज र उत्कृष्ट क्षेत्रीय प्रभाव विधामा सुदूरपश्चिम विश्वविद्यालय, स्कुल अफ इन्जिनियरिङ टीमले पुरस्कार हात पारेको छ। सुदूरपश्चिम विश्वविद्यालयको इन्नोभेटिभ कम्प्युटर इन्जिनियरिङ क्लबले आयोजना गरेको उक्त प्रतियोगितामा पाँच वटा विश्वविद्यालयका १० वटा टीम बीच प्रतिस्पर्धा भएको थियो।

सहभागीहरु टोलीले ४८ घण्टाको अवधिमा समस्या पहिचान, समाधानको नमुना तयार गरी निर्णायक समक्ष प्रस्तुति गरेका थिए। "टीमले मुल्याङ्कनर्ता समक्ष प्रस्तुती दिएपछि उत्कृष्टलाई छनौट गरेर पुरस्कार प्रदान गरिएको हो।" सल्लाहकार पन्तले भन्नुभयो-"यो कार्यक्रम क्लबले हरेक वर्ष आयोजना गर्ने लक्ष्य राखेको छ।" प्रतियोगितामा १० वटा टीमलाई छनौट गरी प्रतिस्पर्धा गराइएको थियो। सो क्रममा ह्याकाथन भनेको निश्चित अवधि भित्र प्रोग्रामर, डिजाइनर तथा अन्य विज्ञ समूहमा मिलेर सफ्टवेयर, एप, हार्डवेयर वा प्रविधिमार्फत कुनै समस्याको समाधान वा नमुना तयार गर्ने प्रतिस्पर्धात्मक कार्यक्रम हो।

अन्तर्राष्ट्रिय कलमा पल्स अवधि ३० बाट ६० सेकेन्ड कायम

काठमाडौं। नेपाल टेलिकमले आफ्नो फोन तथा मोबाइल सेवा प्रयोग गरी अन्तरराष्ट्रिय कल गर्दा लाग्ने पल्सको समयावधि परिवर्तन गरेको छ।

यसअघि ३० सेकेन्डको पल्स अवधि कायम रहेकामा अब सबै देशमा ६० सेकेन्डको पल्स अवधि लागू हुने भएको छ। नेपाल टेलिकमका प्रवक्ता डा कमल लामिछानेका अनुसार नेपाल दूरसञ्चार प्राधिकरणको गत भदौ २४ गतेको निर्णयअनुसार प्राप्त स्वीकृतिका आधारमा पल्स अवधि परिवर्तन गरिएको हो। दूरसञ्चार ऐन, २०५३ को दफा ४२ बमोजिम प्राधिकरणबाट प्राप्त स्वीकृतिअनुसार अन्तरराष्ट्रिय कल गर्दा लाग्ने पल्स अवधि ६० सेकेन्ड कायम गरिएको टेलिकमले जनाएको छ। यसअनुसार अब सबै देशका दूरसञ्चार सेवा प्रदायकको सञ्जालमा अन्तरराष्ट्रिय कल गर्दा ६० सेकेन्डको पल्सका आधारमा शुल्क गणना हुनेछ। यसअघि २०८२ फागुन १ गतेको निर्णयअनुसार प्राप्त स्वीकृतिका आधारमा ५८ देशमा ६० सेकेन्डको पल्स अवधि लागू गरिएको थियो। अब बाँकी देशमा समेत आजदेखि नयाँ व्यवस्था लागू हुने टेलिकमले जनाएको छ।

नेपाल टेलिकमले हाल विभिन्न देशका दूरसञ्चार सेवा प्रदायकसँग अन्तरराष्ट्रिय कल गर्न विभिन्न पहुँच सङ्केत (एक्सेस कोड) को व्यवस्था गरेको छ।

अन्तरराष्ट्रिय कल गर्दा सुरुमा सम्बन्धित पहुँच सङ्केत र त्यसपछि देशको सङ्केत राखेर सेवा प्रदायकको नम्बर डायल गर्नुपर्ने व्यवस्था रहेको छ। विभिन्न देशमा अन्तरराष्ट्रिय कल गर्दा लाग्ने दररेटबारे नेपाल टेलिकमको आधिकारिक वेबसाइटमार्फत जानकारी लिन सकिने नेपाल टेलिकमले जनाएको छ।

विपन्न परिवारमा कुपोषण समस्या

दैलेख। जिल्लाका विपन्न परिवारमा कुपोषणको समस्या देखिएको छ। जिल्ला समन्वय समिति दैलेखद्वारा आयोजित बहुक्षेत्रीय पोषणसम्बन्धी जिल्लास्तरीय वार्षिक प्रगति समीक्षा' मा भगवतीमाई गाउँपालिकाका वरिष्ठ शाखा अधिकृत तथा पोषण फोकल व्यक्ति टोपबहादुर बुढाले यस्तो तथ्याङ्क प्रस्तुत गर्नुभएको हो।

अध्ययनले गरिब तथा विपन्न बस्तीमा कुपोषणको अवस्था निकै गम्भीर देखाएको उल्लेख गर्दै बुढाले त्यसको न्यूनीकरण चुनौती पूर्ण रहेको बताउनुभयो। पोषण सुधारका लागि ठोस कार्य योजना र सरोकार वाला सबै क्षेत्रको संयुक्त प्रयास अपरिहार्य रहेको उहाँको भनाइ छ। 'सन्तुलित पोषण, स्वस्थ जीवन, समृद्धि नेपाल' भन्ने मूल नाराका साथ आयोजित समीक्षामा जिल्लाका ११ वटै स्थानीय तहले स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाइ, कृषि, पशुपन्छी तथा महिला बालबालिका क्षेत्रका ४९ सूचकमा आधारित वार्षिक प्रगति प्रस्तुत गरेका थिए। सो अवसरमा पाँच पालिकाको प्रारम्भिक विवरणअनुसार २० वर्ष मुनिका १३३ गर्भवती तथा १२० सुत्केरी महिला अभिलेख गरिएको र १९१ गर्भवती तथा १३७ सुत्केरी महिलामा मध्यम शीघ्र कुपोषण देखिएको जानकारी दिइयो। समीक्षामा स्थानीयस्तरमा पोषण सञ्चालन, गर्भवती तथा सुत्केरीलाई पोषण युक्त खाना, घरमा धारा' र विपन्न परिवारलाई आयआर्जन सहयोग जस्ता असल अभ्यास भइरहेको उल्लेख गरियो। तथापि जन चेतनाको कमी, परम्परागत सोच, जङ्कफुडको बढ्दो प्रयोग, भौगोलिक विकटता, बेरोजगारीका कारण परिवार नै भारत जाने प्रवृत्ति र समयमा बजेट निकासा नहुँदा लक्षित वर्गसम्म सेवा पुर्याउन तथा व्यवहार परिवर्तन गर्न कठिन भएको निष्कर्ष निकालिएको छ। कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख नमराज शाहीले पोषणले दक्ष नागरिक उत्पादन गर्ने भएकाले चालु आर्थिक वर्षमा सबै पालिकाले कम्तीमा एक-एक वडा पोषणमैत्री घोषणा गर्नुपर्नेमा जोड दिनुभया।

निमित्त प्रमुख जिल्ला अधिकारी महेन्द्रजङ्ग शाहीले कुपोषणका कारण पुड्कोपना, अपाङ्गता जस्ता गम्भीर समस्या निम्तिने भएकाले राज्यको सेवा विपन्न वर्गसम्म पुर्याउनु पर्ने बताउनुभयो। त्यस्तै महाबु पालिका अध्यक्ष सुन्दर केसीले समीक्षाबाट प्राप्त अनुभवलाई व्यवहारमा उतार्दै नतिजा देखिने गरी काम गरिने प्रतिबद्धता जनाउनुभयो। गाउँपालिकाका उपाध्यक्ष मञ्जु कुमारी पाण्डेले बहुक्षेत्रीय पोषण कार्यक्रमले बाल मृत्युदर र ख्याउटेपना घटाउन मद्दत पुगेकाले सबै पालिकामा प्रभावकारी रूपमा लागू गर्नुपर्ने धारणा राख्नुभयो।

काभ्रेमा डेङ्गी सङ्क्रमितको सङ्ख्या ५४ पुग्यो

काठमाडौं। काभ्रे। काभ्रेपलाञ्चोकमा चालु आर्थिक वर्षको साउन १ गतेदेखि मङ्सिर ७ गतेसम्म ५४ जनामा डेङ्गी सङ्क्रमण पुष्टि भएको छ।

जनस्वास्थ्य कार्यालय काभ्रेपलाञ्चोकका प्रमुख रागीश्री कक्षपति श्रेष्ठका अनुसार सङ्क्रमित मध्ये ३० पुरुष र २४ महिला रहेका छन्। जिल्लाका चार स्थानीय तहमा डेङ्गी सङ्क्रमण देखिएको छ। उहाँका अनुसार पाँचखाल नगरपालिकामा सबैभन्दा बढी २४ जनामा सङ्क्रमण पुष्टि भएको छ। त्यस्तै बनेपा नगरपालिकामा १९, मण्डनदेउपुर नगरपालिकामा नौ र नमोबुद्ध नगरपालिकामा दुई जनामा सङ्क्रमण देखिएको छ।

पछिल्लो २४ घण्टामा भने जिल्लामा डेङ्गीका नयाँ सङ्क्रमित थपिएका छैनन्। कक्षपतिका अनुसार, जिल्लाका अन्य स्थानीय तहमा हालसम्म सङ्क्रमण देखिएको छैन।

साउदी अरबद्वारा नेपाल रेडक्रसलाई आठ हजार थान कम्बल हस्तान्तरण

काठमाडौं। साउदी अरबको 'किङ सलमान ह्युमनिटेरियन एड एण्ड रिलिफ सेन्टर' ले सहयोग स्वरूप नेपाल रेडक्रस सोसाइटीलाई न्यानो कम्बल तथा म्याट्रेस हस्तान्तरण गरेको छ।

सोसाइटीको केन्द्रीय कार्यालयमा मंगलबार आयोजित कार्यक्रममा नेपालका लागि साउदी अरबका राजदूत फहद बिन मोहम्मद बिन मुनिरले सोसाइटीका अध्यक्ष डा विशालकुमार भण्डारी लाई ती राहत सामग्री हस्तान्तरण गर्नुभएको हो। बाढी प्रभावित तथा जोखिममा रहेका समुदायलाई लक्षित गरी संस्थाले आठ हजार थान न्यानो कम्बल र छ हजार थान म्याट्रेस उपलब्ध गराएको हो। उक्त सहायताबाट रसुवा, नुवाकोट, धादिङ र गोरखा जिल्लाका बाढी प्रभावित तथा उच्च जोखिममा रहेका दुई हजार घर परिवार लाभान्वित हुने अपेक्षा गरिएको छ। त्यस अवसरमा सोसाइटीका अध्यक्ष डा भण्डारीले जतिसक्दो चाँडो प्रभावित समुदायमा प्राप्त सहयोग सामग्री वितरण गरिने बताउनुभयो। सोसाइटीले बाढी प्रभावित समुदायका लागि नेपाल सरकार, आइएफआरसी, आईसी आरसी र साझेदार राष्ट्रिय सोसाइटीलगायत सरोकारवालाको सहयोगमा प्रतिकार्यका गतिविधि सञ्चालन गरिरहेको उहाँले जानकारी दिनुभयो।

साझा उद्देश्यका साथ काम गरिरहेको र रेडक्रस जस्तो मानवीय संस्थामार्फत राहत सामग्री प्रभावित समुदायसम्म पुर्याउन पाएको भनी खुसी व्यक्त गर्नुभयो।

रेडक्रिसेन्ट सोसाइटीको अन्तरराष्ट्रिय महासङ्घ नेपालका प्रमुख डेभिड फिसरले विपद् पश्चात प्रभावित समुदायको आवश्यकता र प्राथमिकतालाई ध्यानमा राखी निरन्तर मानवीय सहायता प्रदान भनी सबैमा धन्यवाद ज्ञापन गर्नुभयो। रेडक्रस अन्तरराष्ट्रिय समिति नेपालका प्रमुख सन्देश श्रेष्ठले बाढीबाट प्रभावित परिवारका बेपत्ता सदस्यको खोज र पहिचान तथा शव व्यवस्थापन गर्न आवश्यक शव व्यवस्थापन ब्याग रेडक्रस सोसाइटी र सरकारलाई सहयोग गरिरहेको बताउनुभयो। रेडक्रस सोसाइटीका महामन्त्री ईश्वरीदत्त खनालले प्राप्त न्यानो सामग्री छनोटमा परेका प्रत्येक घर परिवारलाई चार थान कम्बल र तीन थान म्याट्रेस वितरण गरिने जानकारी दिनुभयो।

सोह्र जना पक्राउ

बनेपा (काभ्रे)। काभ्रेपलाञ्चोकको धुलिखेल नगरपालिका-१२ शङ्खपाटीमा जुवा र तास खेलिरहेको अवस्थामा प्रहरीले १६ जनालाई नियन्त्रणमा लिएको छ।

जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रविन विष्टका अनुसार आज बिहान शङ्खपाटीस्थित एक खाली घरमा जुवातास खेल भइरहेको गोप्य सूचनाका आधारमा प्रहरीले छापा मारेको थियो।

प्रहरी निरीक्षक श्यामसुन्दर यादवको नेतृत्वमा खटिएको टोलीले उनीहरूलाई नियन्त्रणमा लिएको हो। प्रहरीले घटनास्थलबाट नगद रु एक लाख ५१ हजार ५४५, १६ थान कौडा र एक बुक तास बरामद गरेको नायब उपरीक्षक विष्टले जानकारी दिनुभयो।

उहाँका अनुसार पक्राउ पर्नेमा धुलिखेल नगरपालिका-१२ शङ्खपाटीका बलराम थापा, श्रीकृष्ण थापा, सुरजकुमार तामाङ, सुमन श्रेष्ठ, दीर्घबहादुर तामाङ, पूर्णबहादुर तामाङ, रामकृष्ण श्रेष्ठ, सुमन श्रेष्ठ, गणेश तामाङ, साजन श्रेष्ठ, भीम श्रेष्ठ, कुमार थापा र मिनबहादुर भुजेल छन्। त्यस्तै, बनेपा नगरपालिका-७ का कुमार तामाङ र राजेश लामा तथा नमोबुद्ध नगरपालिका-११ का धनबहादुर तामाङ पक्राउ परेका छन्।

लेखा समितिको निर्देशन

काठमाडौं। प्रतिनिधिसभा, सार्वजनिक लेखा समितिले नेपाल विद्युत् प्राधिकरणको डिजिटल सञ्चार सञ्जाल र स्काडा प्रणाली विस्तार सम्बन्धी कागजात सात दिनभित्र पेस गर्न निर्देशन दिएको छ।

नेपाल विद्युत् प्राधिकरणको डिजिटल सञ्चार सञ्जाल र स्काडा प्रणाली विस्तारसम्बन्धी विषयमा उजुरी परेपछि समितिको आजको बैठकले उक्त निर्देशन दिएको हो। छलफलपछि समिति सभापति भरतबहादुर खड्काले त्यससँग सम्बन्धित कागजात सात दिनभित्र समितिमा पेस गर्न निर्देशन दिनुभयो। लोकतन्त्रको मूल्य, मान्यता विधि, प्रणाली, पद्धति र प्रक्रिया भएको उल्लेख गर्दै सो अवसरमा उहाँले त्यसअनुसार काम भए नभएको अध्ययनका लागि कागजात पेस गर्न प्राधिकरण लाई निर्देशन दिएको बताउनुभयो।

आवश्यक कागजात को अध्ययन पछि समितिले आफ्नो कार्य क्षेत्रका आधारमा काम गर्ने जानकारी दिँदै सभापति खड्काले समिति अख्तियार वा अदालत नभएकाले कार्य क्षेत्रभित्रै रहेर काम गर्ने प्रतिबद्धता जनाउनुभयो।

चलचित्र विधेयकमाथि समितिमा दफावार छलफल

काठमाडौं । शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा चलचित्र विधेयक, २०८१ माथि दफावार छलफल भएको छ । समितिको मंगलबारको बैठकमा विधेयकमाथि संशोधन प्रस्ताव प्रस्तुत गर्ने सांसदसँग छलफल गरिएको हो ।

समिति सभापति डा ओजस्वी शेरचनले विधेयकका विभिन्न २६ वटा दफामा १२२ वटा संशोधन प्रस्ताव परेको जानकारी दिनुभयो । बैठकमा संशोधन प्रस्ताव प्रस्तुत गर्ने सांसदहरूले चलचित्र क्षेत्रको वर्तमान आवश्यकता, समस्या र सुधारका विषयमा आ-आफ्ना धारणा राख्नुभएको थियो ।

छलफलका क्रममा सांसदले चलचित्र क्षेत्रलाई व्यवस्थित, व्यावसायिक र आत्मनिर्भर बनाउन विधेयकमा आवश्यक कानुनी व्यवस्था समेट्नु पर्नेमा जोड दिनुभयो । सांसद भूमिका श्रेष्ठले लैङ्गिक, अल्पसङ्ख्यक तथा समाजमा पछाडि पारिएका वर्गलाई चलचित्रमा विभेदकारी भाषा, शैली र व्यवहार बाट हुने असर रोक्न कानुनी व्यवस्था गर्नुपर्ने बताउनुभयो । समाजमा जनचेतना अभिवृद्धि गर्ने चलचित्र निर्माणलाई प्राथमिकता दिनुपर्ने उहाँको भनाइ थियो ।

सांसद सुशीला ढकाल (आचार्य) ले चलचित्र क्षेत्रलाई राज्यका तर्फबाट सहजीकरण गर्ने, आवश्यक साधनस्रोत उपलब्ध गराउने तथा चलचित्र विकास बोर्डलाई अधिकारसम्पन्न बनाउने व्यवस्था विधेयकमा समेट्नुपर्ने बताउनुभयो । चलचित्र सेन्सरसँग सम्बन्धित व्यवस्थाको पुनरावलोकन गर्नुपर्नेमा पनि उहाँले जोड दिनुभयो । सांसद गणेशबहादुर विश्वकर्माले चलचित्र क्षेत्रलाई आत्मनिर्भर र कलात्मक क्षेत्रका रूपमा पुनः परिभाषित गर्नुपर्ने बताउनुभयो । चलचित्रको परिभाषा परिवर्तन गर्नुका साथै चलचित्र जाँच समितिको नाम परिवर्तन गरी चलचित्र वर्गीकरण समिति बनाउनुपर्ने उहाँको सुझाव थियो । सांसद प्रकाशचन्द्र परियारले चलचित्र क्षेत्रले नेपालको अन्तरराष्ट्रिय पहिचान र सफ्ट पावरका रूपमा काम गर्न सक्ने सम्भावना रहेकाले यसको प्रवर्द्धनमा जोड दिनुपर्ने बताउनुभयो । चलचित्र जाँच प्रक्रियामा मौलिकता, भाषा र संस्कृतिको प्रवर्द्धनलाई पनि ध्यान दिनुपर्ने उहाँको भनाइ थियो ।

चलचित्रलाई नाफा आर्जनको माध्यमका रूपमा मात्र नभई भाषा, संस्कृति र मौलिक कल्पनाको प्रवर्द्धन गर्ने माध्यमका रूपमा हेर्नुपर्ने उहाँले बताउनुभयो । सांसद सुभल खरेलले चलचित्र जाँच समितिले गरेको निर्णयमा चित्त नबुझेमा सिधै अदालत जानुभन्दा सुरुमा मन्त्रालयमा उजुरी गर्न सकिने व्यवस्था विधेयकमा राख्नुपर्ने सुझाव दिनुभयो ।

त्यस्तै, सांसद कमल सुवेदीले चलचित्र क्षेत्रसँग सम्बन्धित विषयलाई सङ्घ, प्रदेश र स्थानीय सरकारको अधिकार क्षेत्रसँग जोडेर स्पष्ट कानुनी व्यवस्था गर्नुपर्ने बताउनुभयो । छलफलमा सूचना तथा सञ्चार मन्त्री डा विक्रम तिमिल्सिनाले चलचित्र क्षेत्रको वर्तमान आव-श्यकता, बदलिँदो स्वरूप तथा प्रविधि र विस्तारित भूमिकालाई सम्बोधन गर्न समयानुकूल नयाँ कानुन ल्याउन लागिएको बताउनु भयो । उहाँले चलचित्रलाई मनोरञ्जनको साधनमा मात्र सीमित नराखी कला, संस्कृति, भाषा प्रवर्द्धन, सूचना प्रवाह, सिर्जनशीलता र आर्थिक विकासमा योगदान पुऱ्याउने उद्योगका रूपमा विकास गर्ने उद्देश्यले विधेयक तयार गरिएको स्पष्ट पार्नुभयो । चलचित्र सेन्सर र वर्गीकरणबीचको भिन्नता स्पष्ट पार्दै यससम्बन्धी कानुनी व्यवस्था अन्तरराष्ट्रिय अभ्यासअनुसार परिमार्जन गर्नुपर्ने बताउनुभयो । कुन विषयमा सेन्सर आवश्यक हुन्छ र कुन विषयलाई वर्गीकरणमार्फत व्यवस्था पन गर्न सकिन्छ भन्ने स्पष्ट हुनुपर्ने उहाँको भनाइ थियो ।

सञ्चारमन्त्री तिमिल्सिनाले चलचित्र विकास बोर्डको उद्देश्य, भूमिका, अधिकार र नेतृत्वसम्बन्धी व्यवस्था पनि कानुनबाटै स्पष्ट हुनुपर्ने बताउनुभयो । बोर्डलाई प्रभावकारी रूपमा काम गर्न सक्ने गरी संस्थागत क्षमता अभिवृद्धि गर्नुका साथै आवश्यक स्वायत्तता र अधिकार प्रदान गर्नुपर्ने उहाँको धारणा थियो । समिति सभापति डा शेरचनले चलचित्र क्षेत्रका सरोकारवालासँग गहन छलफल गरी विधेयकलाई थप

चिउरीको कलमी परीक्षण गर्दै मौरीपालन विकास केन्द्र

चितवन । मौरीपालन विकास केन्द्र भण्डाराले चिउरीको बिरुवाको कलमी परीक्षण सुरु गरेको छ । चालु आर्थिक वर्षको सुरुवातीसँगै केन्द्रले परीक्षण सुरु गरेको हो ।

कार्यालयका प्रमुख सुजन अङ्गाइका अनुसार हरेक महिना ३० वटा बिरुवामा कलमी गरेर कुन महिनामा गर्दा सफल हुन्छ भन्ने अध्ययन गर्न लागिएको हो । कलमी सफल भएको महिनामा कार्यालयले बिरुवा उत्पादन गरेर किसानलाई बिक्री वितरण गर्ने योजना रहेको उहाँले बताउनुभयो ।

प्रदेश सरकारको रु तीन लाख लागतमा कलमी परीक्षण सुरु गरिएको अङ्गाइ बताउनुभयो । उहाँका अनुसार विज (बीउ) बाट उत्पादित बिरुवाले फल दिन ढिलो गर्ने तर कलमीबाट उत्पादन गरिएको बिरुवाले फल दिन छिटो गर्ने भएकाले कलामीको परीक्षण सुरु गरिएको हो । जिल्लामा नै चिउरीको व्यावसायिक खेती गर्ने किसानलाई वितरण गर्ने उद्देश्यले कलमी गर्न लागिएको हो । प्रमुख अङ्गाइले भन्नुभयो, "चिउरीको क्षेत्रफल बढ्दा मौरीपालक किसानको मात्रै आम्दानी बढी व्यावसायिक चिउरीखेती गर्ने किसानको समेत आर्थिक उन्नति हुनेछ ।" मौरीको चरन क्षेत्र विकासका लागिसमेत यसले सहयोग गर्ने उहाँको भनाइ छ । कार्यालयले बिउबाट उत्पादीत भएको बिरुवालाई कलमी गर्न हरेक वर्ष पाँच हजार बिरुवा पुष्प विकास केन्द्र गोदावरी पठाउने गरेको छ ।

यसअघि पुष्प बिकास केन्द्र गोवारीमा ६ वर्ष अघि देखि चिउरीको बिरुवाको कलमी गरेर परिक्षण गरिएको थियो । कार्यालयको परिक्षणका क्रममा जेठ, असार, साउन महिना उत्तम देखिएको भए पनि चितवनको हावा पानी अनुसार कुन समय उत्तम हुन्छ हेर्नका लागि परिक्षण सुरु गरिएको हो ।

पुष्प विकास केन्द्र गोवारीका कार्यालय प्रमुख रवीन्द्र थापाका अनुसार चिउरीको साधारण तथा व्यावसायिक रुपमा खेती नभएकाले बीउबाट मात्रै बिरुवा उत्पादन गरिँदै आएको थियो । व्यावसायिक रुपमा किसानलाई चिउरीखेतीतर्फ आकर्षित गर्नका लागि कलमी बिरुवा उत्पादन थलिएको उहाँले बताउनुभयो । बीउबाट उत्पादन गरिएको बिरुवाले छ देखि आठ वर्षमा फल दिने गरेको भए पनि अध्ययनले कलमी गरेको बिरुवा एक वर्षमा नै फूल फुल्न थालेको उहाँले जानकारी दिनुभयो । उक्त कार्यालयले बिगत दुई वर्षदेखि किसानलाई चिउरीको कलमी बिरुवा उपलब्ध गराउन थालेको छ । अनुसन्धान नभएको बाली भएकाले सुरुवाती समयमा किसानलाई चिउरीका थोरै बिरुवा मात्र वितरण गर्न थालिएको उहाँले बताउनुभयो । प्रमुख थापाले भन्नुभयो, "हामीले परीक्षण स्वरुप रामपुरमा रहेको कृषि तथा वन विज्ञान विश्वविद्यालयको परिसरमा ३०० बिरुवा रोपेका छौं । परीक्षणपछिको अनुसन्धानको काम क्याम्पसले नै गर्नेछ ।" अनुसन्धान नभएको बाली भएकाले कति दूरीमा लगाउनुपर्छ, मल कति लाग्छ, कीरा तथा रोगको सङ्क्रमण कस्तो हुन्छ, पात कतिसम्म हुन्छ भन्ने विषयमा अध्ययन गर्नका लागि रामपुरमा परीक्षण गरिएको उहाँले जानकारी दिनुभयो । यस्तै परीक्षण स्वरुपमा मकवानपुरको राकसिराङ्मा समेत ५० वटा बिरुवा लगाइएको छ । अहिले कार्यालयमा चार हजार बिरुवा उत्पादन गरी बिक्रीका लागि तयारी अवस्थामा राखिएको उहाँले जानकारी दिनुभयो । कार्यालयले उत्पादन गरेको बिरुवा प्रतिगोटा रु १५० मा बिक्री गर्दै आएको छ ।

सभामुख अर्यालसँग कतारका राजदूत अन्सारीको भेट

काठमाडौं । सभामुख डोलप्रसाद (डिपी) अर्यालसँग नेपालका लागि कतारका राजदूत मिशाल मोहम्मद अली अलअन्सारीले शिष्टाचार भेट गर्नुभएको छ । सङ्घीय संसद् सचिवार्यस्थित सभामुखको कार्यकक्षमा भएको भेटमा उहाँहरुबीच नेपाल र कतारबीचको सम्बन्ध र आपसीहित विषयमा विचार विमर्श भएको थियो । सो अवसरमा सभामुखले भोटेकोशी बाढीपछि कतार सरकारले प्रदान गरेको मानवीय सहयोग, ऐक्यबद्धता र समवेदनाप्रति धन्यवाद ज्ञापन गर्दै नेपालको पुनःनिर्माण तथा पुनः स्थापनामा थप सहयोगको अपेक्षा गर्नुभयो ।

त्यस अवसरमा सभामुख अर्यालले सन् १९७७ मा कूटनीतिक सम्बन्ध स्थापना भएदेखि नेपाल र कतारबीच रही आएको मैत्रीपूर्ण सम्बन्ध, आपसी विश्वास र सहकार्य थप सुदृढ भइरहेको बताउनुभएको उहाँको सचिवालयले जनाएको छ । उहाँले क्षेत्रीय तथा अन्तरराष्ट्रिय मञ्चहरूमा दुई देशबीच रहँदै आएको सहकार्यलाई निरन्तरता दिनुपर्ने र विश्व शान्ति तथा स्थायित्वका लागि संवाद र कूटनीतिक पहललाई प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो । सभामुख अर्यालले कतारमा कार्यरत नेपाली श्रमिकले त्यहाँको आर्थिक विकासमा पुर्याएको योगदानको चर्चा गर्दै उनीहरूको हकहित, सुरक्षा र मर्यादित वैदेशिक रोजगारी सुनिश्चित गर्न आवश्यक सहकार्यमा जोड दिनुभएको थियो ।

उहाँले नेपालमा जलविद्युत्, पर्यटन, कृषि, पूर्वाधार तथा सूचना प्रविधिलगायतका क्षेत्रमा कतारी लगानी भित्र्याउन आग्रह गर्नुभयो । नेपालको कृषि उत्पादनलाई अन्तरराष्ट्रिय बजारमा पुर्याउने सम्भावनाबारे चर्चा गर्दै सभामुख अर्यालले नेपालबाट उत्पादित फलफूल, तरकारी, अन्नलगायतका कृषि उपज कतारमा निर्यात गर्ने वातावरण निर्माणका लागि आवश्यक समन्वय गर्न आग्रह गर्नुभयो ।

त्यस्तै पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा कतार एयरवेजको उडान सञ्चालनका लागि पहल गर्न तथा हवाई सम्पर्क विस्तारमार्फत पर्यटन र व्यापार प्रवर्द्धन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

सभामुख अर्यालले खेलकुद को विकास र प्रवर्द्धनका लागि पनि दुई देशबीच सहकार्य विस्तार गर्न आग्रह गर्नुभयो । भेटमा राजदूत अन्सारीले नेपाल-कतार सम्बन्धलाई थप प्रगाढ बनाउन तथा आपसी हितका क्षेत्रमा सहकार्य विस्तार गर्न कतार सकारात्मक रहेको बताउनुभएको सचिवालयले जनाएको छ ।

वागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि विकास कार्यालय, धादिङ
(कार्यक्षेत्र : धादिङ जिल्ला)

कृषि विकास कार्यालय, धादिङको कार्यक्रम प्रस्ताव आव्हानको सूचना

सूचना नं.५/२०८३/०८४
सूचना प्रकाशित मितिः २०८३/०८/०९

कृषि विकास कार्यालय धादिङको आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रमहरु लागत साझेदारीमा संचालनको लागि धादिङ जिल्लाका इच्छुक प्रस्तावकहरुले यो सूचना प्रकाशन भएको मितिले २१ औं दिन (२०८३ मंसिर २९ गते) सम्ममा कार्यालय समय भित्र आइ पुग्ने गरी एकिकृत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ मा उल्लेख भए बमोजिम आवश्यक कागजात तथा विवरण सहित अनुसूची-३ बमोजिमको प्रस्ताव/आवेदन फारम पेश गर्नुहुन आव्हान गरिन्छ। साथै रीत नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने बेहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

क्र.सं.	कार्यक्रमको नाम	लक्षित लाभग्राही	अनुदान रकम रु. लाखमा	कैफियत
१	मागमा आधारित जीविकोपार्जन विशेष सहयोग कार्यक्रम	बिपन्न तथा पिछडिएको समुदायका कृषकहरु ।	११	
२	व्यावसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम	कृषक समुह, कृषि सहकारी, निजी कृषि फर्म, कृषि कम्पनी तथा साना सिँचाईको हकमा जल उपभोक्ता समिति समेत ।	४६	
३	व्यावसायिक फलफुल खेती प्रवर्द्धन कार्यक्रम		२२	
४	खाद्यान्न बाली प्रवर्द्धन कार्यक्रम		२८	
५	साना सिंचाई निर्माण कार्यक्रम		४२	
६	कृषि उद्यमशिलता विकास कार्यक्रम	निजी कृषि फर्म, कृषि कम्पनी , कृषक, कृषि उद्यमी ।	१८	
७	औद्योगिक आलु उत्पादन गर्ने कृषकका लागि प्रोत्साहन (हिउँदे आलु)	कृषक समुह, कृषि सहकारी, निजी कृषि फर्म, कृषि कम्पनी ।	४.५	

नोट : थप जानकारीको लागि कृषि विकास कार्यालय, धादिङको सूचना पाटी, फेसबुक पेज वा वेभसाइट www.dhading.ado.gov.np मा हेर्नुहुन अनुरोध छ ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयः नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com